नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ति

स्थानीय तहको पुनर्संरचना पश्चात भएको स्थानीय तहको प्रथम चरणको निर्वाचनसँगै मुलुकले लामो समयपछि स्थानीय तहमा जनप्रतिनिधि प्राप्त गरेको सुखद अवस्था छ ।यसले एकातर्फ संघीय शासन प्रणालीको कार्यान्वयनमा थप उपलब्धी हासिल गरेको छ भने अर्को तर्फ देशको द्रुततर आर्थिक, सामाजिक विकासको आशा र सम्भावना पनि बढाएको छ । आम नागरिक उत्साहित भएर विकास, समृद्धि तथा राष्ट्र निर्माणको सुन्दर सपना देखिरहेको र आफ्ना जनप्रतिनिधि मार्फत लोकतन्त्रको अभ्यास गरि समुन्नत समाजको संभावना खोजिरहेका छन् ।

अझै पनि मुलुकका कैयौं क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत आवश्यकताका सेवा समेत सुलभ रुपमा उपलब्ध गराउन सकिएको छैन । कैयौं बालबालिकाहरु कक्षा कोठा, डेस्कबेञ्च र पाठ्यपुस्तकको अभावमै धुले चौरमै पढ्न बाध्य छन् । त्यस्तै कतिपय बिरामीहरु सामान्य औषधी उपचारकै अभावमा मृत्युसँग संघर्ष गरिरहेका छन् । यस्तो परिस्थितिमा जनताले निर्वाचित स्थानीय जनप्रतिनिधिहरुबाट थुप्रै आशा र भरोशा गर्नुलाई स्थानीय तह प्रति जनताको आस्था र विश्वासको अभिव्यक्ति हो भन्ने हाम्रो बुझाई छ।

स्थानीय तहलाई संविधान र कानुनले नै निश्चित अधिकार र कर्तव्य तोकिदिएको छ । प्राप्त अधिकार र कर्तव्यको अधिनमा रहेर स्थानीय तहबाट हुने सेवा प्रवाहको गुणस्तरमा बढोत्तरी ल्याउनुका साथै स्थानीय तहका विकास आयोजना तथा परियोजनाहरुको सञ्चालन, शिक्षा, स्वास्थ्य, सरसफाइ, पर्यटन, उद्योग, व्यापार व्यवसाय मार्फत रोजगारी सिर्जना तथा आर्थिक क्रियाकलापको पुनर्जागरण जस्ता विषयमा विशेष जोडका साथ स्थानीय तह सञ्चालन हुनुपर्ने देखिन्छ । त्यसै गरि स्थानीय तहबाट हुने विकास निर्माणका लागि श्रोतको उपलब्धतालाई बढाउँदै जान संविधान र कानूनले तोकिदिएको अधिकार क्षेत्र भित्र रहेर आन्तरिक आयश्रोतको पहिचान र परिचालन गरि क्रमशः आत्मनिर्भर उन्मुख हुनु आवश्यक छ ।

सामाजिक सुरक्षा नेपाल सरकारले प्रारम्भ गरेको राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम हो | नेपालको संविधानले सामाजिक सुरक्षालाई संघको एकल अधिकार तथा संघ र प्रदेशको साझा अधिकारको सूचिमा सूचिकृत गरे अनुरुप संघीय सरकारले मुलुकभरिका सबै जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका र दलित एवं पिछडिएको समुदायका बालबालिकाहरुको सामाजिक सुरक्षाको लागि बजेट तथा कार्यक्रम सुनिश्चित गरिसकेको छ । तर यसै बीचमा पहिलो चरणको स्थानीय तहको निर्वाचनबाट स्थानीय तहका जननिर्वाचित पदाधिकारीहरुले पदभार ग्रहण गरेसँगै कतिपय स्थानीय तहहरुको तदर्थ निर्णयबाट सामाजिक सुरक्षा भत्ता तथा अन्य सुविधाहरु थप उपलब्ध गराउने गरी भैरहेको निर्णय सम्बन्धमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । त्यसै गरी कतिपय स्थानीय तहले स्थानीय स्तरका विकास निर्माणका लागि उपलब्ध गराईएको अनुदानबाट सवारी साधन खरिद, महंगो भाडामा लिई यातायातका साधनको प्रयोग, कर्मचारीहरुको सुविधा वृद्धि र स्थायित्व तथा विलासि फर्निचर, भोज भतेर तथा अन्य फजुल खर्च भैरहेको तर्फ समेत ध्यान आकृष्ट भएको छ । स्रोतको सुनिश्चितता विना सस्तो लोकप्रियताका यस किसिमका निर्णयहरुले

एकातर्फ उपलब्ध सिमित स्रोत र साधनको प्रयोग लगानीमूखी भन्दा वितरणमूखी हुँदै जानेछ भने अर्को तर्फ एउटा स्थानीय तहले गरेको निर्णयबाट अन्यत्र समेत प्रभाव पर्दै जाने र अन्ततोगत्वा नेपाल सरकार तथा स्थानीय तहले धान्न नसक्ने गरी दीर्घकालीन दायित्वहरु थपिंदै जाने निश्चित छ । साथै स्थानीय तहको दोश्रो चरणको निर्वाचन हुन बाँकी नै रहेको अवस्थामा यस किसिमका तदर्थ निर्णयहरु हुनु राजनीतिक रुपले समेत अपेक्षित हुँदैन । यसै मर्मलाई आत्मसात गर्दै स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ का विभिन्न प्रावधानले समेत त्यस किसिमको निर्णय गर्न नपाउने गरि आवश्यक व्यवस्था गरेको कुरा स्मरण गराउन चाहन्छु ।

अतः यस सम्बन्धमा स्थानीय तह शासन सञ्चालन सम्बन्धी नयाँ ऐनका साथै विनियोजन विधेयक, २०७४ अनुसार आवश्यक कार्यविधि जारी नभएसम्म र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सभाको निर्णय विना सामाजिक सुरक्षा भत्ता वृद्धि गर्ने लगायतका लोकप्रिय कार्यक्रमहरु तदर्थ रुपमा निर्णय गर्ने/गराउने, विकास अनुदानबाट सवारी साधन खरिद लगायतका कार्य गर्ने, कर्मचारीको सुविधा वृद्धि तथा स्थायित्व सम्बन्धी निर्णय गर्ने, भोज भतेर र फजुल खर्च जस्ता थप आर्थिक दायित्व सिर्जना हुने कार्य गर्ने/गराउने तथा प्रचलित कानुन विपरीत हुने गरि अनधिकृत निर्णयद्वारा जनतालाई दिग्भ्रमित पार्ने जस्ता कार्य गरी जनताको आस्थाको धरोहर स्थानीय तह प्रति वितृष्णा उत्पन्न हुने कुनै पनि कार्य नगर्न/नगराउन साथै स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ ले दिएको भूमिकालाई व्यवस्थित, प्रभावकारी र योजनाबद्ध ढंगले संचालन गरी स्थानीय तहको विकास र सेवा प्रवाहमा साकारात्मक प्रतिस्पर्धाको वातावरण तयार गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सबै स्थानीय तहलाई हार्दिक आग्रह गर्दछ ।

रूद्रसिंह तामाङ
प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

मिति:- २०७४ जेठ १९